लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
ISO 9001:2015 UKAS
Certificate No. 42693

स्टार मल, चौथो तल्ला, पुतलीसडक, काठमाडौं
फो.नं.: ०१-४०१२६१३, फ्याक्स् नं.: ९७७-१-४०१२६१५
Email: liccorporate@licnepal.com.np

# २० औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०३/२६**

**श्री शेयरधनी महानुभावहरू**

यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको संचालक समितिको मिति २०८०/०३/२२ गतेको निर्णय अनुसार निम्न लिखित मिति, स्थान र समयमा देहायका प्रस्तावहरू उपर छलफल गरी पारित गर्नका लागि यस कम्पनीको २० औं साधारण सभा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

## सभा हुने मिति, समय र स्थान :

**मिति** : २०८० साल श्रावण १७ गते बुधवार (तदअनुसार २ अगस्ट, २०२३)
**समय** : अपरान्ह ४.०० बजेबाट शुरु ।
**रजिष्ट्रेशन** : अपरान्ह ३.०० बजे बाट शुरु ।
**स्थान** : लिसारा रिसेप्सन (Lisara Receptions) भगवती बहाल नक्साल , काठमाडौं ।

## छलफलका विषयहरू:

**(क) साधारण प्रस्तावहरू :**

(१) अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०७७/०७८ प्रस्तुत गरी अनुमोदन गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७७/०७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने ।

(३) लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री पिएल श्रेष्ठ एण्ड कम्पनी पुनः नियुक्त हुन योग्य हुनुहुन्छ)

(४) संस्थापक शेयरधनीको तर्फबाट नियुक्त सञ्चालकहरूको नियुक्तिलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरू :**

(१) कम्पनीको हाल कायम पूँजी संरचनामा संस्थापक र साधारण शेयरको ७०: ३० अनुपातलाई परिवर्तन गरी ६५:३५ प्रतिशत कायम गर्न संस्थापक शेयरलाई साधारण शेयरमा परिणत गर्ने र सोही अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन प्रस्ताव पारित गर्ने ।

(२) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरू (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, आदि) ले आवश्यक सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरू ।**

## साधारणसभा सम्बन्धी थप जानकारी

१. यस साधारण सभा प्रयोजनका लागि बीमकको शेयरधनी दर्ता पूस्तिका मिति २०८० श्रावण ९ गते एक दिन बन्द रहनेछ । मिति २०८० श्रावण ८ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भई नियमानुसारको अवधि भित्र यस बीमकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेन्ट एण्ड बैकिङ्ग लि.ले प्राप्त शेयर नामसारीको लिखत विवरणको आधारमा शेयर दाखिल खारेज भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरू मात्र साधारण सभामा भाग लिन योग्य हुनेछन् ।

२. नावालक वा होस ठेगानमा नरहेको शेयरधनीको तर्फवाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न र प्रतिनिधि नियुक्त गर्न समेत सक्नेछन् । शेयरवालाको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ । संयुक्त रुपमा शेयर खरिद गर्ने शेयरधनीको हकमा शेयर लगतमा जसको नाम पहिला उल्लेख गरिएको छ, सो व्यक्ति वा संयुक्त शेयरधनीको सर्वसहमतिबाट आफूहरूमध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नु हुनेछ ।

३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी ऐनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै बीमकको कर्पोरेट कार्यालय, स्टार मल, पुतलीसडकमा कार्यालय समयमा दर्ता गरी सक्नु पर्नेछ । बीमकको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमवाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।
तर, प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले आफुले अगाडि दिएको प्रतिनिधी (प्रोक्सी) बदर गरेको स्पष्ट उल्लेख गरी निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् यस्तो अवस्थामा अधिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई तोकिएको समय भित्र हाजिरी किताबमा दस्तखत गरी सभामा भाग लिएमा अगाडि दिएको प्रोक्सी स्वतः बदर भएको मानिनेछ ।

५. यस बीमकको शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले यस बीमकको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछ । त्यसरी प्रतिनिधी (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछन् ।

६. छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत लिखितरुपमा सञ्चालक समितिको अध्यक्षलाई जानकारी दिनुपर्नेछ ।

७. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूलाई आफ्नो आधिकारिक परिचयपत्र सहित शेयरधनी नंबर वा अभौतिकरण गरिसकेको शेयरको हकमा BOID (हितग्राही परिचय नंबर) साथमा लिई आउनु हुन अनुरोध छ ।

८. शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूका सम्वन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले उत्तर दिइनेछ ।

**द्रष्टव्य :** कम्पनीको संक्षिप्त वार्षिक आर्थिक विवरण यसै सुचना साथ प्रकाशित गरिएको व्यहोरा जानकारी गराउँदछौं । कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको कर्पोरेट कार्यालय, स्टारमल, (चौंथों तल्ला) पुतलीसडक, काठमाडौंमा वा साधारण सभा स्थलबाट शेयरधनी महानुभावहरूलाई उपलब्ध गराउने ब्यवस्था मिलाईने छ । साथै साधारणसभासँग सम्बन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरू यस कम्पनीको वेबसाइटमा पनि राखिने हुँदा त्यहाँबाट समेत हेर्न तथा प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

---

**P. L. Shrestha & Co.**
**Chartered Accountants**

**बीमा समितिको निर्देशन अनुसार तयार गरिएको लाईफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेडको**
**वित्तीय विवरण उपर स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**मन्तव्य**

हामीले **लाईफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेडको** (यस पछि "कम्पनी " भनिएको) को यसै साथ संलग्न २०७८ अषाढ ३१ (ई.सं जुलाई १५, २०२१) मितिको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हामीले पाएको अधिकतम् जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा कम्पनीको मिति २०७८ अषाढ ३१ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरु प्रचलित कानुनका अधिनमा रही कम्पनी ऐन २०६३, बिमा ऐन २०४९ र बिमा समितिको निर्देशिका अनूरुप यथार्थ चित्रण गर्दछ ।

**मन्तव्यको आधार**

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरेको "द ह्याण्ड बुक अफ द कोड अफ इथिक्स् फर प्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी कम्पनीसगँ स्वतन्त्र छौं र हामीले सो ह्याण्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**विषय उपर जोड - लेखाङ्कनको आधार**

हामी वित्तीय विवरणसंग सम्बन्धित प्रमुख लेखा नीतिहरुको बुंदाको १ नं. मा उल्लेखित लेखाङ्कनको आधारमा व्याख्या गरिएको बुंदाहरुमा ध्यानाकृष्ट गराउछौं । वित्तीय विवरणहरु बीमा समितिको निर्देशन अनुसार तयार गरिएका छन । फलस्वरुप वित्तीय विवरणहरु अन्य प्रयोजनको लागि उपयुक्त नहुन पनि सक्दछन् । यस विषयले हाम्रो राय परीमार्जन भएको छैन ।

**अन्य मामिला**

कम्पनीले नेपाल वित्तीय विवरण प्रतिवेदनमान (Nepal Financial Reporting Standards) बमोजिम मिति २०७८ आषाढ ३१ (ई.सं जुलाई १५, २०२१) को छुट्टै वित्तीय विवरण तयार गरेको छ जसमा हामीले मिति २०८०।०२।२६ मा कम्पनीका शेयरधनीहरुलाई छुट्टै लेखापरीक्षण प्रतिवेदन पेश गरेका छौं ।

**वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व**

बीमा समितिको निर्देशन अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवमं प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

Narayan Gopal Sadak, Maharajgunj, P.O. Box No. 3516, Kathmandu, Nepal
Tel: +977 1 4720880, Email: info@pls.com.np

वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई कम्पनी विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, कम्पनी निरन्तर सञ्चालन हुने क्षमताको मुल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर सञ्चालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ ।

सञ्चालक समिति कम्पनीको वित्तीय सम्प्रेषण प्रकियाको रेखदेखको लागी जिम्मेवार छ ।

**वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व**

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रुपमा त्रुटीरहित छ वा छैन भन्नेबारे उचित अश्वस्त्ता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित अश्वस्त्ता एक उच्च स्तरीय अश्वस्त्ता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैं पहिचान हुन्छ भन्ने अश्वस्त्ता रहँदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको कममा हामी व्यवसायीक सन्देह कायम राखि पेशागत निर्णयको अभ्यास गर्दछौ । कमश हामीले:

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागी प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ ।
- कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मुल्याङ्कन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसगँ सम्बन्धित सारभूत अनिश्चितताको कारणले कम्पनीको व्यवसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाहरुले कम्पनी अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।
- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोबार एवंम घटनाहरूलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गरे नगरेको मुल्याङ्कन गर्दछौ ।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत कम्पनीको आन्तरिक नियन्त्रण प्रणालिमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराँउदछौं ।

शुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउंदछौं ।

**अन्य कानूनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

हामीद्धारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु पाएका छौं ।

(ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा, कम्पनीको हिसाव किताब ऐन बमोजिम ठीकसंग राखिएको छ । ।

(ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, आय विवरण, नाफा नोक्सान हिसाब, स्वामित्व अंशमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण र संलग्न अनुसूचिहरु बिमा समितिले तोकेको ढाँचा र तरिका अनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

(घ) हामीले लेखा परिक्षणको समयमा कम्पनिको संचालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

(ङ) कम्पनीको शाखाहरु बाट प्राप्त विवरणहरु स्वतन्त्र लेखापरिक्षण नगरिएको भएतापनि हाम्रो लेखापरीक्षणको लागि पर्याप्त थिए ।

स्थान : काठमाडौं
मिति : २०८०/०२/२६
युडिन: 230614CA000813PyWT

राजेश पौडेल, एफ.सी.ए.
साझेदार

---

# लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.

## २०७८ आषाढ मसान्तको वासलात

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| | **श्रोत** | | |
| १ | चुक्ता पूँजी | २,२११,०००,००० | २,०१०,०००,००० |
| २ | जगेडा तथा कोष | १,६५४,०६३,९८९ | १,१५५,१९३,२९५ |
| ३ | जीवन बीमा कोष | ७९,६६२,५५१,०४४ | ६६,८४९,६८३,५९१ |
| ४ | महा-विपत्ती जगेडा | ४१७,१३५,४४७ | ३३९,३७२,०३७ |
| ५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – |
| | **कूल श्रोत** | ८३,९४४,७५०,४८१ | ७०,३५४,२४८,९२३ |
| | **उपयोग** | | |
| ६ | स्थिर सम्पत्ती (खुद) | २५८,४७२,०४४ | २५८,३४०,२१३ |
| ७ | दिर्घकालिन लगानी | ५५,१५८,८४८,८६९ | ५०,७२८,३५०,७६२ |
| ८ | बीमालेखको धितोमा कर्जा | १४,१५२,७२९,४५४ | १३,०४६,९५९,२३० |
| ९ | अन्य दीर्घकालिन कर्जा | ६७,११५,९८८ | ६५,७६४,२९८ |
| | चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु : | | |
| १० | नगद तथा बैंक मौज्दात | १,६३६,९९२,८४९ | १,५३२,७६९,३५३ |
| ११ | अल्पकालिन लगानी | ११,३८२,३१३,७५० | ४,३८५,४०४,३८३ |
| १२ | अन्य अल्पकालिन कर्जा | ३८३,११७,४६७ | ४१७,५४८,२२९ |
| १३ | अन्य सम्पत्ती | ७,४६४,९८४,७७९ | ५,२०८,२७६,२७० |
| | **जम्मा (क) (१०+११+१२+१३)** | २०,८६७,४०८,८४४ | ११,५४३,९९८,२३५ |
| | चालु दायित्व तथा व्यवस्थाहरु : | | |
| १४ | चालु दायित्व | ५,९८६,५०७,४२६ | ४,७४२,५९३,९७१ |
| १५ | असमाप्त जोखिम वापत व्यवस्था | १५,५८१,१५१ | ३३,१५८,४५२ |
| १६ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | २५७,२३१,२३८ | २०२,८४०,३२८ |
| १७ | अन्य ब्यवस्था | ३००,५०४,९०३ | ३१०,५७१,०६४ |
| | **जम्मा (ख) (१४+१५+१६+१७)** | ६,५५९,८२४,७१८ | ५,२८९,१६३,८१५ |
| १८ | खूद चालु सम्पत्ती (ग) . (क) - (ख) | १४,३०७,५८४,१२६ | ६,२५४,८३४,४२० |
| १९ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु | – | – |
| २० | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | – | – |
| | **कूल उपयोग (६+७+८+९+१८+१९+२०)** | ८३,९४४,७५०,४८१ | ७०,३५४,२४८,९२३ |

**संभावित दायित्वहरु**

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | चुक्ता वा भुक्तानी हुन बाँकी लगानी | – | – |
| २ | प्रत्याभूति प्रतिबद्धता | – | – |
| ३ | बीमालेख अन्तर्गत भन्दा बाहेकबाट बीमक उपर दावी परेको तर बीमकले दायित्व स्वीकार नगरेको (आयकर) | ६४,४५६,२१२ | ५८,९६४,८३३ |
| ४ | बीमकले वा बीमकको तर्फबाट दिइएको ग्यारेण्टी | – | – |
| ५ | रेपुडेशन गरिएको मृत्यु दावी | ५०,१७८,४४५ | ३२,६९६,८१९ |
| | **जम्मा** | ११४,६३४,६५७ | ९१,६६१,६५२ |

# लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.

## आर्थिक बर्ष २०७७/०७८ को नाफा नोक्सान हिसाब

| क्र.सं. | विवरण | | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आम्दानी** | | | |
| १ | आय व्यय हिसाबबाट सारेको | | २९,३२७,५२९ | ३२,०८८,३८७ |
| २ | जीवन बीमा कोषबाट सारेको | | ६२७,४३५,५२८ | ७५२,८८४,७४३ |
| ३ | लगानी कर्जा तथा अन्यबाट आय | | ३३७,४८४,४४५ | २५०,४१६,७८६ |
| ४ | व्यवस्था फिर्ता | | ५६,४४२,०४३ | ५,६२०,९२७ |
| ५ | अन्य आम्दानी (विवरण खुलाउने) | | – | – |
| | **जम्मा आम्दानी (क)** | | १,०५०,६८९,५४४ | १,०४१,०१०,८४३ |
| | **खर्च** | | | |
| ६ | व्यवस्थापन खर्च | | ९१,६१६,६५७ | १०१,२७२,४४३ |
| ७ | अपलेखन खर्च | | १७९ | ३१,४५३ |
| ८ | शेयर सम्बन्धि खर्च | | १,३६७,५९९ | २,५९४,३४८ |
| ९ | अन्य खर्चहरु | | ७,१८२,०४७ | – |
| १० | नोक्सानीको लागि व्यवस्था | | ५,९१२,१०१ | ३,९०३,८२९ |
| ११ | कर्मचारी आवास ब्यवस्था | | – | – |
| १२ | कर्मचारी बोनस व्यवस्था | | ९४,४६१,०९६ | ८३,६८९,५६८ |
| १३ | समायोजित आयकर | | ७२,५१५,७६१ | ३२,६१९,४०२ |
| १४ | आ) आयकर | ५९,०८७,०७९ | | |
| १५ | इ) स्थगन कर दायित्व | १३,४२८,६८२ | | |
| १६ | जीवन बीमा कोषमा सारेको | | – | ९६,३१३,०९० |
| | **जम्मा खर्च (ख)** | | २७३,०५५,४४० | ३२०,४२४,१३२ |
| १७ | **खूद नाफा /(नोक्सान) (ग) = (क)-(ख)** | | ७७७,६३४,१०४ | ७२०,५८६,७१० |
| १८ | अघिल्लो वर्षसंग सम्बन्धित खर्च | | | |
| १९ | अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान) | | ४३०,६१६,८९७ | २४८,२६९,०४१ |
| | **बाँडफाँडको लागि उपलब्ध रकम** | | १,२०८,२५१,००२ | ९६८,८५५,७५० |
| २० | (क) स्थगन कर जगेडा | | (१३,४२८,६८२) | ७०६,४९८ |
| | (ख) पूँजीगत जगेडा | | | |
| | (ग) विशेष जगेडा | | | |
| | (घ) अन्य जगेडा (विवरण खुलाउने) | | | |
| | (ङ) प्रस्तावित लाभांश | | | |
| | (अ) बोनस शेयर | | – | ४४२,२००,००० |
| | (आ) नगद लाभांश | | | २३,२७३,६८४ |
| | (च) महा-विपत्ती जगेडा | | ७७,७६३,४१० | ७२,०५८,६७१ |
| २१ | **वासलातमा सारेको नाफा/(नोक्सान)** | | १,१४३,९१६,२७३ | ४३०,६१६,८९७ |